## लैङ्गिक हिंसा (GBV) कसलाई हुन सक्छ ?

- महिला र किशोरी ।
- यौनिक र लैङ्गिक अल्पसंख्यक ।
- अपाङ्गता भएका व्यक्ति ।
- महिला लागु औषध प्रयोगकर्ता, महिला यौनकर्मी, HIV सँग बाँचिरहेका व्यक्ति ।

*सामान्यतया लैङ्गिक हिंसा महिला र बालिकामाथि बढी हुन्छ, तर पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकसमूहहरू पनि यसबाट प्रभावित हुन सक्छन् ।*

## लैङ्गिक हिंसा सम्बन्धमा कानुनी व्यवस्था :

१. नेपालको संविधान २०७२ ले लैङ्गिक समानताको अधिकार सुनिश्चित गरेको छ।


२. दण्ड संहिता २०७४ मा बलात्कार, घरेलु हिंसा, जबर्जस्ती विवाह, बालविवाह आदि अपराधको स्पष्ट दफा छन् ।

३. महिला, बालबालिका तथा जेष्ठ नागरिक सुरक्षा ऐन जस्ता विशेष कानूनहरूले महिलाहरू र बालबालिकालाई विशेष सुरक्षा प्रदान गर्छन् ।

४. घरेलु हिंसा, कसुर तथा सजाय ऐन २०६६ तथा नियमावली २०६७ पनि लागू छ, जसले घरेलु हिंसाविरुद्ध कानुनी संरक्षण दिन्छ ।

## लैङ्गिक हिंसा व्यवस्थापन प्रणाली

**एकद्वार संकट व्यवस्थापन केन्द (OCMC): लैङ्गिक हिंसाबाट प्रभावित / पीडितहरुलाई सुरक्षित रुपमा सहयोगी तथा दक्ष सेवाहरुसँग समयमै जोड्ने योग्य, बहुक्षेत्रीय सेवा प्रदायकहरुको संजाल ।**




**हेल्पलाइन नम्बर ११४५ / १०९८ र विभिन्न गैर सरकारी संस्था, सुरक्षित आश्रय मार्फत लङ्गिक हिंसा प्रभावित / पीडितलाई सहयोग गरिन्छ । ७७ जिल्लाका ९२ वटा अस्पतालहरुले एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC–One Stop Crisis Management Center) मार्फत सेवा प्रदान गर्दै आइरहेका छन् ।**

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र**
टेकु, काठमाण्डौ

RECOVERING NEPAL

# लैङ्गिक हिंसा
# GBV (Gender-Based Violence)

## लैङ्गिक हिंसा

लैङ्गिक हिंसा भन्नाले त्यस्ता सम्पूर्ण कार्यहरुलाई बुझाउँदछ, जुन कुनै पनि व्यक्तिलाई लैङ्गिक विभेदकारी सामाजिक मूल्य मान्यताको आधारमा गरिएको हुन्छ ।



यस्तो हिंसाभित्र शारीरिक, मानसिक, यौनिक रुपले पीडा दिने, पीडा पुऱ्याउने खालको व्यवहार गर्ने देखि लिएर त्यस्ता कार्यहरु गर्ने भनी डराउने, धम्काउने, आधारभूत स्वतन्त्रता खण्डित गर्ने सम्मका कुनै कामहरु वा सबै कामहरु हुन सक्दछन् ।

## मुख्य प्रकारहरु

१. **शारीरिक हिंसा**: कुटपिट, अङ्गभङ्ग, शारीरिक चोट, थुन्नु, जलाउनु, मार्नु, बलपूर्वक गर्भपतन ।

२. **यौन हिंसा**: बलत्कार, यौनजन्य दुर्व्यवहार, यौन यातना तथा शोषण, हाडनाता करणी, वैवाहिक बलात्कार, मानव बेचबिखन तथा ओसार-पसार ।

३. **मानसिक/भावनात्मक हिंसा** : डर, धाक, धम्की, त्रासपूर्ण व्यवहार, गाली, झुठ्ठा आरोप, बेइज्जत, भेदभाव ।

४. **सामाजिक, साँस्कृतिक हिंसा** : बाल विवाह, बहुविवाह, अनमेल विवाह, घरेलु हिंसा, दाइजो, छाउपडी, बोक्सीको आरोप आदि ।

५. **आर्थिक हिंसा** : आर्थिक साधन स्रोतबाट बञ्चित, सम्पत्तिको दुरुपयोग, रोजगारी वा आयआर्जन गर्ने कार्यबाट बञ्चित ।